(४४)

# बैठक संख्या : ४

स्थान :गाउँपालिकाको कार्यालय, गल्छी-६ बैरेनी

मितिः २०८१ कार्तिक २९ बिहिबार

समय : बिहान १२:३० बजे

उल्लेखित स्थान, मिति र समयमा गल्छी गाउँपालिकाको अध्यक्ष श्री केदारनाथ खतिवडाको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नलिखित बिषयहरुमा छलफल गरियो ।

<u>उपस्थितिः</u>

१. अध्यक्ष श्री केदारनाथ खतिवडा
२. उपाध्यक्ष श्री भाईकाजी तिवारी
३. सदस्य श्री यदु कुमार खतिवडा
४. सदस्य श्री षडानन्द खनाल
५. सदस्य श्री राजन भुजेल
६. सदस्य श्री राजु अधिकारी
७. सदस्य श्री सरोज लामा तामाङ
८. सदस्य श्री दिपक कुमार कार्की
९. सदस्य श्री हरि प्रसाद खतिवडा
१०. सदस्य श्री विशाल लुङ्गेली मगर
११. सदस्य श्री भेष कुमारी खनाल
१२. सदस्य श्री तुलसी अधिकारी
१३. सदस्य श्री दिल माया तामाङ
१४. सदस्य श्री जानुका धिताल
१५. सदस्य श्री रमेश भुजेल
१६. सदस्य श्री सृजना घले
१७. सदस्य सचिव श्री नर बहादुर विश्वकर्मा - प्रमुख प्रशासकीय अधिकृत

<u>अन्य आमन्त्रित</u>

## बैठक संख्याः ४, मितिः २०८१ कार्तिक २९
## निर्णयहरु

**प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २: धादिङ बहुप्राविधिक शिक्षालयमा अध्ययनरत सरीता वयलकोटीको छुट छात्रवृत्ती रकम सम्बन्धमा।**

**निर्णयः** धादिङ बहुप्राविधिक शिक्षालयमा बालिविज्ञान कोटामा अध्ययनरत सरीता वयलकोटीलाई छुट छात्रवृत्ती रकम धादिङ बहुप्राविधिक शिक्षालयलाई भुक्तानी हुने गरी रु बिस हजार भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. ३: आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाका तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता शिर्षक उद्दार, राहत तथा पुनर्स्थापना खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | निवेदकको नाम | वडा नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सफल भट्ट | १ | टाउको अपरेसन | २०,००० | |
| २ | कुमार पण्डित | २ | हेपाटाइटिस | २०,००० | |
| ३ | विपिना वयलकोटी | ३ | जापानीज इन्सेफ्लाइटिस | ५०,००० | |
| ४ | कोमल बहादुर भण्डारी | ४ | पेटको आन्द्रामा समस्या | २०,००० | |
| ५ | आयुष आचार्य | ८ | प्यारालाइसिस | २०,००० | |

**प्रस्ताव नं. ४: श्री रणकालिका मन्दिर संरक्षण समितिद्वारा मिति २०८१।०७।२९ गते हुने मेलाको लागि आर्थिक सहयोग सम्बन्धमा। ।**

**निर्णयः** यस गाउँपालिकाको वडा नं ४ मा रहेको श्री रणकालिका मन्दिरमा मिति २०८१।०७।२९ गते हुने मेलाको लागि आर्थिक सहयोग सम्बन्धी श्री रणकालिका मन्दिर संरक्षण समितिद्वारा दिएको निवेदन अनुसार रु. १,७५,०००।०० (अक्षरुपी एक लाख पचहत्तर हजार रुपैयाँ मात्र) बिल भर्पाइ बमोजिम शिर्षक मागमा आधारित विकास योजनाबाट भुक्तानी दिने निर्णय गरियो।